# बागमती नगरपालिकाको

# स्थानीय राजपत्र

## बागमती नगरपालिकाद्धारा प्रकाशित

खण्डः ९ संख्याः ३ मिति : २९ कात्तिक २०८२ साल

भाग-२

## बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कर्मैया, सर्लाही
## मधेश प्रदेश नेपाल

बागमती नगरपालिकाको नगर कार्यपालिकाले निम्न लेखिए बमोजिमको (बागमती नगरपालिका खेलकुद विकास परिषद्को सदस्य सचिव नियूक्ति सम्मबन्धी कार्यविधि, २०८२ ) सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

संवत् २०८२ सालको कार्यविधि नं.३

# बागमती नगरपालिका खेलकुद विकास परिषद्को सदस्य सचिव नियुक्ति सम्बन्धी कार्यविधि,२०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०७/२७**

**प्रस्तावनाः** बागमती नगरपालिका खेलकुद विकास परिषदको सदस्य सचिव खुल्ला प्रतिस्पर्धाका आधारमा छनोट गरी नियुक्तिका लागि सिफारिस गर्न आवश्यक भएकोले;

बागमती नगरपालिका खेलकुद विकास परिषद्को नियमावली,२०८१ को दफा ८ को अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम बागमती खेलकुद विकास कार्यसमितिको सदस्य सचिव नियुक्ति सम्बन्धी कार्यविधि २०८२ रहेको छ ।

(२) यो कार्यविधि बागमती नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “अख्तियारवाला” भन्नाले नियुक्ति दिने पदाधिकारीलाई सम्झनुपर्छ ।

(ख) “उपसमिति” भन्नाले बागमती नगरपालिका खेलकुद विकास परिषद् (संचालन तथा व्यवस्थापन) नियमावली,२०८२ को दफा ११ पदपूर्ति समिति सम्झनु पर्दछ ।

(ग)“ऐन” नगर खेलकुद विकास परिषद ऐन,२०८१ लाई सम्झनुपर्दछ ।

(घ) “कार्यविधि” भन्नाले बागमती नगरपालिका खेलकुद विकास कार्यसमितिको सदस्य सचिव नियुक्ति सम्बन्धी कार्यविधि,२०८२ सम्झिनु पर्दछ

(ङ)“सचिवालय” भन्नाले खेलकुद विकास परिषदको सचिवालयलाई सम्झिनुपर्दछ।

(च)“समिति”नगर खेलकुद विकास परिषद संचालक समितिलाई सम्झनुपर्दछ ।

**३. सदस्य सचिवको न्यूनतम योग्यता र कार्य अनुभव :** कम्तीमा स्नातक उपाधि हासिल गरी सरकारी वा गैरसरकारी संस्था वा प्रचलित कानुन बमोजिम स्थापना भएका कम्पनी वा संगठित संस्थामा वा व्यावसायिक तालिम तथा सामाजिक सेवाका क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव भएको र आवेदन दिने अन्तिम मितिसम्ममा २१ वर्ष पुरा भई ४० बर्ष ननाघेको व्यक्ति बागमती खेलकुद विकास परिषदको सदस्य सचिव पदको उम्मेदार हुन् सक्नेछ ।

**४.उपसमितिको काम कर्तव्य र अधिकार**

बागमती नगरपालिका खेलकुद विकास परिषद नियमावली २०८१ बमोजिम गठित उपसमितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

क. आवेदन आह्वान गरी सूचना प्रकाशन गर्नुपर्नेछ।

ख. आवेदन दर्ता गरेका भएका उम्मेदवारहरूको वर्णानुक्रमका आधारमा सूची तयार गरी सो सूचीमा परेका उम्मेदवारलाई निजहरुले पेश गरेको प्रस्तुतीकरणका लागि मिति,समय र स्थान तोकी सोको सूचना दिनुपर्नेछ ।

ग. व्यावसायिक कार्ययोजना प्रस्तुतिकरण गर्न लगाउने

घ. अन्तर्वार्ता लिने,

ङ. व्यवसायिक कार्ययोजनाको मूल्याङ्कन तथा प्रस्तुतीकरण र अन्तर्वार्ता लिने प्रयोजनका लागि उपसमितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ।

च. उपसमितिले उम्मेदवारको शैक्षिक योग्यता, अनुभव, व्यवसायी कार्ययोजना प्रस्तुतीकरण एवं अन्तर्वार्ताका आधारमा बढीमा उत्कृष्ट तीनजना उम्मेदवार छनोट गरी नियुक्तिका लागि वर्नानुक्रमका आधारमा सिफारिस गर्नुपर्नेछ।

**५. आवेदन आह्वान गर्नुपर्ने** :(१) सुरुमा नियुक्ति हुने रिक्त भएको वा हुने सदस्य सचिवको पदपूर्तिका लागि उपसमितिले सात दिनको म्यादी दिई स्थानीय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ र उक्त सूचना र सोसँग सम्बन्धित विवरणहरु सामाजिक सन्जाल लगायत नगरपालिकाको वेबसाईटमा समेत प्रकासन गर्नु पर्नेछ|

(२) सूचनाको ढाँचा अनुसूची-१ तथा आवेदनको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

**६. आवेदनका साथ पेश गर्नुपर्ने कागजात तथा विवरण**

दफा ३ बमोजिम योग्यता पुरा गरेका इच्छुक उम्मेदवारले आवेदनसाथ हालसालै खिचेको दुईप्रति पासपोर्ट साइजको फोटो सहित देहायको कागजात तथा विवरणहरु आफैले हस्ताक्षर गरी पेश गर्नुपर्नेछः-

क. सम्पर्क ठेगाना (Email, टेलिफोन, मोबाइल नम्बर, घर कार्यालयको ठेगाना) सहितको वैयक्तिक विवरण

ख. शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ग. अनुभव र व्यावसायिक अनुभवको प्रतिलिपि

(२) उपनियम (१) बमोजिम आवेदन साथ देहाएको विवरणको स्वःघोषणा पेश गर्नुपर्नेछ।

क. समितिसँग आफ्नो र आफ्ना परिवारको सदस्यको निजी स्वार्थ नभएको

ख. आफ्नो नाममा रहेको सरकारलाई बुझाउनु पर्ने दायित्व नभएको,

ग. भ्रष्टाचार,सम्पत्ति शुद्धिकरण,बैंकिङ कसुर र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

घ. किर्ते वा जालसाच आरोपमा सजाय नपाएको

ङ. प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको

**७. व्यावसायिक कार्य योजना** : उम्मेदवारले आवेदन साथ देहायका विषय क्षेत्र समेट्ने गरी कम्तीमा २५०० शब्द अङ्ग्रेजी वा नेपाली कुनै एक भाषामा व्यावसायिक कार्य योजना पेश गर्नुपर्नेछ।

क. विकास अनुशासन र गतिशीलताकालागि खेलको महत्व र समसामयिक स्थिति तथा प्रवृति विश्लेशण

ख. राष्ट्र,राष्ट्रियताको पहिचान

ग. रास्ट्रिय खेलकुद परिषदको माध्यमबाट राष्ट्रिय,अन्तरास्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त भएको उपलब्धिको विश्लेशण |

घ. नगर खेलकुदमा संचालित गतिविधि यसका सम्भावना,यसको सञ्चालन र विकासका लागि अल्पकालीन,मध्यकालीन र दिर्घकालिन रणनीति तथा कार्ययोजना |

८ **छनोट प्रक्रियाः** (१) खेलकुद परिषदको सचिवालयमा प्राप्त आवेदन तथा कागजातहरू उपसमितिमा पठाउनुपर्नेछ।

(२) प्राप्त आवेदन तथा कागजातहरू उपसमितिमा पठाउँदा आवेदकले पेश गरेको आवेदन र पेश गरिएको व्यावसायिक कार्ययोजना मुचुल्का उठाई पठाउनुपर्नेछ ।

(३) प्राप्त आवेदनहरु तथा कागजातहरु आवेदन पेश गर्ने अन्तिम म्यादपछि बस्ने उपसमितिको पहिलो बैठकबाट उप-समितिले शैक्षिक योग्यता अनुभव तथा कार्ययोजनाको मूल्याङ्कनको आधारमा उपलब्ध भएका उम्मेदवारहरूको वर्णानुक्रमका आधारमा सूची तयार गरी सो सूचीमा परेका उम्मेदवारहरूलाई निजहरूले पेश गरेको व्यावसायिक कार्य योजनाको प्रस्तुतिकरण तथा अन्तर्वार्ताको लागि मिति समय र स्थान तोकी कम्तिमा ३ दिनको सूचना दिनुपर्नेछ।

**९. छनोटका आधार:** उम्मेदवारको सिफारिस गर्न सिफारिस उप समितिले देहाएका छनोटका आधारहरूलाई अनुसूची-३,अनुसूची-५,र अनुसूची -६ को फारम बमोजिम मूल्याङ्कन गर्नेछ ।

क. पूर्णाङ्क-१००

| मापदण्ड | पूर्णाङ्क |
|---|---|
| शैक्षिक योग्यता | २० |
| अनुभव | ३० |
| व्यवसायिक कार्ययोजना | ५० |
| क. विकास अनुशासन र गतिशीलताकालागि खेलको महत्व र समसामयिक स्थिति तथा प्रवृति विश्लेषण | १० |
| ख. रास्ट्र राष्ट्रियताको पहिचान | १० |
| ग. राष्ट्रिय खेलकुद परिषदको माध्यमबाट रास्ट्रीय,अन्तरास्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त भएको उपलब्धिको विश्लेषण | १० |
| घ. नगर खेलकुदमा संचालित गतिविधि यसका सम्भावना,यसको सञ्चालन र विकासका लागि अल्पकालीन,मध्यकालीन र दिर्घकालिन रणनीति तथा कार्ययोजना । | २० |
| जम्मा | १०० |

ख. पूर्णाङ्क- २०

| कार्ययोजना प्रस्तुतीकरण | पूर्ण अंक |
|---|---|
| ङ. विकास अनुशासन र गतिशीलताकालागि खेलको महत्व र समसामयिक स्थिति तथा प्रवृति विश्लेषण | ५ |
| च. राष्ट्रिय र राष्ट्रीयताको पहिचान | ५ |
| छ. रास्ट्रीय खेलकुद परिषदको माध्यमबाट रास्ट्रीय,अन्तरास्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त भएको उपलब्धिको विश्लेषण | ५ |
| ज. नगर खेलकुदमा संचालित गतिविधि यसका सम्भावना,यसको सञ्चालन र विकासका लागि अल्पकालीन,मध्यकालीन र दिर्घकालिन रणनीति तथा कार्ययोजना । | ५ |

| | |
|---|---|
| जम्मा | २० |

ग. अन्तर्वार्ता -३०

| | |
|---|---|
| अन्तर्वार्ता | ३० |
| जम्मा | ३० |

१०. **शैक्षिक योग्यताको अंक गणना** : (१)मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधिलाई सो बापत २० अङ्क प्रदान गरिनेछ र विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अंक गणना अनुसूची-७ बमोजिमको फारम प्रयोग गरिनेछ |

११. **अनुभवको मूल्याङ्कन :** (१) सरकारी वा गैर सरकारी संस्था तथा प्रचलित कानुन बमोजिम स्थापना भएको कम्पनी वा संगठित संस्थामा रही क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव बापत प्रतिवर्ष २ अङ्कका दरले जम्मा २० अङ्क प्रदान गरिनेछ। र१० वर्षभन्दा बढी अवधिको अनुभवको लागि प्रतिवर्ष २ अंकका दरले अधिकतम १० अंक दिइनेछ |

(२) उपदफा (१) बमोजिम अङ्क गणना अनुसूची-७ बमोजिमको फारम प्रयोग गर्नु पर्नेछ।

१२. **व्यावसायिक कार्य योजनाको मूल्याङ्कन** : उम्मेदवारले पेश गरेको व्यवसायी कार्ययोजना बापत देहाए बमोजिमको बढीमा ५० अङ्क दिनुपर्नेछ।

| शिर्षक | पूर्णाङ्क |
|---|---|
| क. विकास अनुशासन र गतिशीलताकालागि खेलको महत्व र समसामयिक स्थिति तथा प्रवृति विश्लेषण | १० |
| ख. रास्ट्र,राष्ट्रियको पहिचान | १० |
| ग. राष्ट्रीय खेलकुद परिषदको माध्यमबाट रास्ट्रीय,अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त भएको उपलब्धिको विश्लेषण | १० |
| घ. नगर खेलकुदमा संचालित गतिविधि यसका सम्भावना,यसको सञ्चालन र विकासका लागि अल्पकालीन,मध्यकालीन र दिर्घकालिन रणनीति तथा कार्ययोजना | | २० |

१३. **उम्मेदवारको संक्षिप्त सूची प्रकाशन** : दफा (९) को खण्ड (क) बमोजिमका आधारहरूको मूल्याङ्कनबाट अधिकतम अंक प्राप्त गर्ने बढीमा ३ जना उम्मेदवारलाई कार्ययोजना प्रस्तुतीकरण तथा अन्तर्वार्ता प्रयोजनका लागि संक्षिप्त सूची अनुसूची ४ बमोजिम तयार गरी प्रकाशन गरिनेछ।

१४.**व्यावसायिक योजनाको प्रस्तुतिकरण र मूल्याङ्कः**(१) दफा ९ को खण्ड (क) बमोजिमको मूल्याङ्कनबाट संक्षिप्त सूचीमा समावेश भएका उम्मेदवारहरूलाई खण्ड (ख) बमोजिमका आधारहरूमा मूल्याङ्कनका लागि उपस्थित हुन जानकारी गराइनेछ ।

(२) कार्ययोजना प्रस्तुतीकरण मूल्याङ्कन गर्दा उपसमितिका प्रत्येक सदस्य र आमन्त्रित विज्ञले प्रदान गरेको अङ्कको औषत अंक दिइनेछ र अंक प्रदान गर्दा सामान्यतया वडीमा सत्तरी प्रतिशत र घटिमा चालीस प्रतिशत सीमाभित्र अङ्क प्रदान गर्नु पर्नेछ र सो भन्दा घटी वा वढी अङ्क दिनु परेमा स्पष्ट कारण खोल्नु पर्नेछ ।

(३) प्रस्तुतीकरणमा सूचना प्रविधिको उपयोग, व्यावसायिक योजनाको अवधारणात्मक स्पष्टता, सूचनाहरूको विश्लेषण क्षमता, आत्मविश्वासको तह, प्रस्तुतीकरण शैली र सीप, समय पालना र अनुशासन, समस्याको पहिचान र सुधारका लागि भविश्यपरक दृष्टिकोण, कार्यान्वयन कार्ययोजना र मूल्याङ्कन विधि, नेतृत्व क्षमता जस्ता पक्षहरू मूल्याङ्कन गरिनेछ ।

१५. **अन्तर्वार्ताको मूल्याङ्कन** गर्दा उपसमितिका प्रत्येक सदस्य र आमन्त्रित विज्ञले प्रदान गरेको अङ्कको औषत अंक दिइनेछ र अंक प्रदान गर्दा सामान्यतया बढीमा सत्तरी प्रतिशत र घटिमा चालीस प्रतिशत सीमाभित्र अंक प्रदान गर्नु पर्नेछ र सो भन्दा घटी वा बढि अंक दिनुपरेमा स्पष्ट कारण खोल्नु पर्नेछ।
अंक प्रदान गर्दा प्रस्तुतीकरण, आत्मविश्वास, अन्तरवैयक्तिक सीप, समस्या समाधानको कौशल, सकारात्मक सोच, नेतृत्व क्षमता, विषयवस्तुको ज्ञान जस्ता पक्षको मूल्याङ्कन गरिनेछ ।

१६. **उम्मेदवारको प्राप्ताङ्क र योग्यताक्रम निर्धारण संक्षिप्त सूचीमा** परेका उम्मेदवारहरूले दफा (९) को खण्ड (क) मा प्राप्त अंक र खण्ड (ख) मा प्राप्त गरेको अङ्को जोडजम्मा गरी उम्मेदवारले प्राप्त गरेको कुल अंकको आधारमा अनुसूची ८ बमोजिमको ढाँचामा निजहरुको योग्यताक्रम निर्धारण गरिनेछ ।

१७. **सिफारिश र नियुक्ति सम्बन्धी व्यवस्था :** (१) संक्षिप्त सूचीका उम्मेदवारमध्ये दफा १६ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने तीनजना उम्मेदवारलाई नियुक्तिका लागि उपसमितिले समिति समक्ष सिफारिश गर्नेछ ।यसरि सिफारिस गर्दा बैकल्पिक उम्मेदवारको समेत नाम समावेस गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उपसमितिले सिफारिश गरेका उम्मेदवारहरूमध्येबाट एकजनालाई समितिको सिफारिसमा बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सदस्य सचिव नियुक्ति गर्नेछ।

१८. **सदस्य सचिव प्रमुखको रुपमा काम गर्नु पर्ने** : उप-सिफारिस भई आएको सफल उम्मेदावरलाई अख्तियारवालाले नियुक्ति दिनु पर्नेछ । नियुक्त हुने व्यक्तिले सदस्य सचिवले प्रशासकीय काम गर्नु पर्नेछ ।

१९. **कार्यसम्पादन करार सम्झौता गर्नु पर्ने :** (१) समितिले सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र नियुक्त गरिसक्नु पर्नेछ र नियुक्त भएको मितिले बढीमा पन्ध्र दिनभित्र अख्तियारवालाले कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) समितिको अध्यक्ष ले नियुक्त गरिएको उम्मेदवारले नियुक्त गरेको पन्ध्र दिन भित्र नियुक्ति लिन नआएमा उपसमितिले सिफारिस गरेका अन्य दुई जना उम्मेदवार मध्ये एकलाई नियुक्तिका लागि समितिले सिफारिस गर्न सक्नेछ ।

२०. **बाधा अडकाउ फुकाउने :** यो कार्यविधि कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन गएमा बाधा अड्काउ फुकाउने अधिकार बागमती नगर खेलकुद विकास परिषद्को संचालक समितिलाई हुनेछ ।

२१ **कार्यबिधिको संशोधन** :समितिले आवश्यक ठानेमा समयानुकुल यस कार्यविधिको संशोधन गर्न सकिनेछ

२२ **अनुसूचीमा थपघट वा हेरफेरः** समितिको सिफारिसमा आवश्यक्ता अनुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

२३ **बचाउ र खारेजी** : यस कार्यविधि पुरै वा आंशिक कुराहरु संघ,प्रदेश र अन्य प्रचलित कानुनसंग बाझिएमा बाझिएको हद सम्म खारेज हुनेछ ।

**अनुसूची-१**

**(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)**

**बागमती नगरपालिका**

**नगर खेलकुद विकास परिषद**

**सदस्य सचिवको पदको पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना**

बागमती नगरपालिका खेलकुद विकास परिषद्को सदस्य सचिव नियुक्ति सम्बन्धी कार्यविधि,२०८२ दफा ५ बमोजिम खुल्ला प्रतिष्पर्धाका आधारमा खेलकुद विकास परिषदको सदस्य सचिव पदको पदपूर्ति गर्न यो सूचना प्रकाशित गरिएको छ। देहाय बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र पदपूर्ति सिफारिस उपसमितिको सचिवालयमा तोकिएको ढाँचामा आवेदन दिन हुन सूचित गरिन्छ।

१. न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभवः मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधिलाई प्राप्त गरेको हुनु पर्नेछ र विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

२. आवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरूः आवेदनसाथ हालसालै खिचिएको दुईप्रति पासपोर्ट साइजको फोटो सहित देहाय बमोजिमका कागजात तया विवरणहरु सक्कल बमोजिम नक्कल ठिक छ भनी आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछः-

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना, टेलिफोन, मोवाइल नम्बर, घर, कार्यालयको ठेगाना सहितको विस्तृत वैयक्तिक विवरण,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र तथा व्यावसायिक अनुभवको प्रतिलिपि ।

३. व्यावसायिक कार्ययोजना उम्मेदवारले आवेदनसाथ देहायको विषयक्षेत्र समेट्ने गरी कम्तिमा २५०० शब्दमा व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी मध्ये कुनै एक भाषामा पेश गर्नु पर्नेछः-

(क) विकास अनुशासन र गतिशीलताकालागि खेलको महत्व र समसामयिक स्थिति तथा प्रवृति विश्लेषण

(ख) राष्ट्र,राष्ट्रियताको पहिचान

(ग) राष्ट्रिय खेलकुद परिषदको माध्यमबाट रास्ट्रीय,अन्तरास्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त भएको उपलब्धिको विश्लेषण

(घ) नगर खेलकुदमा संचालित गतिविधि यसका सम्भावना,यसको सञ्चालन र विकासका लागि अल्पकालीन,मध्यकालीन र दिर्घकालिन रणनीति तथा कार्ययोजना ।

४. आवेदन दस्तुर वापत परिषदको कुमारी बैंकमा रहेको खातामा दाखिला गरेको सक्कलै भौचर आवेदनका साथ पेश गर्नु पर्नेछ,

दरखास्त दस्तुर रु १०००/-

५. परीक्षाको किसिम : व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ ।

## अनुसूची-२
## (दफा ५ को उपदफा (४) सँग सम्बन्धित)
## आवेदन फारमको ढाँचा

श्री संयोजक
पदपूर्ति सिफारिस उपसमिति
बागमती नगर खेलकुद विकास परिषद,कर्मैया ।

बागमती नगर खेलकुद विकास परिषदको संचालक सदस्य सचिवको लागि पदपूर्ति सिफारिस उपसमितिको ................. गते ............................प्रकाशित "सदस्य पदको पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना" अनुसार उक्त सदस्य पदमा रही सेवा गर्ने ईच्छा भएकोले तोकिएका आवश्यक शैक्षिक योग्यता, तालिम, अनुभव, स्वघोषणा, सिलवन्दी गरिएको व्यावसायिक कार्ययोजना र सो सँग सम्बन्धित कागजात संलग्न गरी तोकिएको ढाँचामा यो आवेदन फारम भरि पेश गरेको छु। नियुक्त भएको अवस्थामा कार्यसम्पादन सम्झौता एवं तोकिए बमोजिमका पदीय जिम्मेवारी इमान्दारीपूर्वक पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

निकायः
पदः सदस्य सचिव
(१) आवेदकको;
 (क)नाम, थरः.
 (ख) नागरिकता नं. जारी मिति जिल्लाः.
 (ग)राष्ट्रिय परीचयपत्र नम्बर/जारी मिति र जारी गर्ने निकय
 (घ)स्थायी ठेगानाः.
 (ङ) अस्थाई
 (च)ठेगानाः,
२) जन्म मितिः
३) शैक्षिक योग्यताः
४) अनुभवको विवरणः
५)तालिम विवरणः
६) अध्ययन अनुसन्धानः
७)स्वघोषणाः

८)संग्लन कागजातको विवरणः

माथि पेश भएका सबै विवरण र कागजात साचो हो झुट्टा ठहरेमा कानुन बमोजिम सहुला बुझाउल ।

दस्तखतः

## अनुसूची-३

## (दफा ९ को उपदफा (१) को खद (क) सँग सम्बन्धित)

## व्यावसायिक कार्ययोजना मुल्यांकन फारम

सुचना न. पदःसदस्य सचिव

कार्ययोजना मुल्यांकन पूर्ण अंकः५० मितिः

उम्मेदवारको नाम,थरः दर्ता न.

| शिर्षक | पूर्णाङ्क | प्राप्तांक (अङ्कमा) | प्राप्तांक (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|
| क. विकास अनशासन र गतिशीलताकालागि खेलको महत्व र समसामयिक स्थिति तथा प्रवृति विश्लेषण | १० | | | |
| ख. रास्ट्र,राष्ट्रियताको पहिचान | १० | | | |
| ग. रास्ट्रीय खेलकुद परिषदको माध्यमबाट रास्ट्रीय,अन्तरास्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त भएको उपलब्धिको विश्लेषण | १० | | | |
| घ. नगर खेलकुदमा संचालित गतिविधि यसका सम्भावना,यसको सञ्चालन र विकासका लागि अल्पकालीन, मध्यकालीन र दिर्घकालिन रणनीति तथा कार्ययोजना । | २० | | | |
| कुल जम्मा | | | | |

माथि उल्लिखित प्रस्तुतीकरणमा सहभागी कुनै पनि उम्मेदवार मेरो बाबा आमा, सासु-ससुरा, पति, पत्नी, छोरा-बुहारी, छोरी ज्वाई, दाजु-भाउजु, भाई-बुहारी, दिदी भिनाजु, बहिनी. ज्वाई, जेठाजु-जेठानी, देबर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोयुवा-सानीआमा, भतिजा, भतिजी, भाञ्जा, भाजी, मामा-माइजु, फुपू फुपाजु, जेठान-जेठीसासु, साला, साली, साबुदाढ्ढ, साडुभाई र तीनका छोराछोरी नाता पर्दैन ।

व्यावसायिक कार्ययोजना मूल्यांकन कर्ताको दस्तखतः

नाम,थरः

पदः

मितिः

## अनुसूची-४
## बागमती नगर खेलकुद विकास समिति
## सदस्य सचिव पदपूर्ति सिफारिस समिति
## एकीकृत मूल्यांकन फारम

| क्र.स. | उम्मेदवारको नाम थर | शैक्षिक योग्यता(२०) | अनुभव (३०) | व्यावसायिक कार्ययोजना (५०) | व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण (५०) | कुल प्राप्तांक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अंकमा | अक्षरमा | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |

| व्यावसायिक कार्ययोजना मूल्यांकन कर्ता (१) | व्या.कार्ययोजना मूल्यांकन कर्ता (२) | व्या.कार्ययोजना मूल्यांकन कर्ता (३) |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम,थरः | नाम,थरः | नाम,थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

## अनुसूची-५
## (दफा ९ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)
## व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण मूल्याङ्कन फारम
## सदस्य सचिव पदपूर्ति सिफारिस उपसमिति

सूचना नम्बरः पदः सदस्य सचिव

कार्ययोजना प्रस्तुतीकरण मुल्यांकन पूर्णाङ्कः ५०

उम्मेदवारको नाम, थरः

मूल्याङ्कनका आधारः

सूचना प्रविधिको उपयोग, व्यावसायिक योजनाको अवधारणात्मक स्पष्टता, सूचनाहरूको विश्लेषण क्षमता, आत्मविश्वासको तह, प्रस्तुतीकरण शैली र सीप, समयपालना र अनुशासन, समस्याको पहिचान र सुधारका लागि भविश्यपरक दृष्टिकोण, कार्यान्वयन कार्ययोजना र मूल्याङ्कन विधि, नेतृत्व क्षमता आदि

| क्र.स | उम्मेदवारको नाम | कुल प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| १. | | | | |

माथि उल्लिखित प्रस्तुतीकरणमा सहभागी कुनै पनि उम्मेदवार मेरो बाबा आमा, सासु-ससुरा, पति, पत्नी, छोरा-बुहारी, छोरी ज्वाई, दाजु-भाउजु, भाई-बुहारी, दिदी भिनाजु, बहिनी. ज्वाई, जेठाजु-जेठानी, देबर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोयुवा-सानीआमा, भतिजा, भतिजी, भाञ्जा, भाजी, मामा-माइजु, फुपू फुपाजु, जेठान-जेठीसासु, साला, साली, साबुदाद्ध, साडुभाई र तीनका छोराछोरी नाता पर्दैन ।

प्रस्तुतीकरण मूल्याङ्कन कर्ताको दस्तखतः

नाम, थरः

पदः

मितिः

सदस्य-सचिव

## अनुसूची-६
## अन्तर्वार्ता मूल्याङ्कन फारम
## सदस्य सचिव पदपूर्ति सिफारिस उपसमिति

सूचना नम्बरः पदः सदस्य सचिव

अन्तर्वार्ता पूर्णाङ्कः३०

उम्मेदवारको नाम, थर मितिः

मूल्याङ्कनका आधारः

| क्र.स | उम्मेदवारको नाम | कुल प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| १. | | | | |

माथि उल्लिखित प्रस्तुतीकरणमा सहभागी कुनै पनि उम्मेदवार मेरो बाबा आमा, सासु-ससुरा, पति, पत्नी, छोरा-बुहारी, छोरी ज्वाई, दाजु-भाउजु, भाई-बुहारी, दिदी भिनाजु, बहिनी. ज्वाई, जेठाजु-जेठानी, देबर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोयुवा-सानीआमा, भतिजा, भतिजी, भाञ्जा, भाजी, मामा-माइजु, फुपू फुपाजु, जेठान-जेठीसासु, साला, साली, साबुदाद्ध, साडुभाई र तीनका छोराछोरी नाता पर्दैन ।

अन्तर्वार्ता मूल्याङ्कन कर्ताको दस्तखतः

नाम, थरः

पदः

मितिः

# अनुसूची-७

## अनुभव मूल्याङ्कन फारम

## सदस्य सचिव पदपूर्ति सिफारिस उपसमिति

सूचना नम्बरः पदः सदस्य सचिव

शैक्षिक योग्यता र अनुभव पूर्णाङ्कः ३०

उम्मेदवारको नाम, थर मितिः

मूल्याङ्कनका आधारः

| क्र.स | उम्मेदवारको नाम | कुल प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| १. | | | | |

अनुभव मूल्याङ्कन मूल्यांकन कर्ता (१) अनुभव मूल्याङ्कन मूल्यांकन कर्ता (२) अनुभव मूल्याङ्कन मूल्यांकन कर्ता (३)

दस्तखतः दस्तखतः दस्तखतः

नाम,थरः नाम,थरः नाम,थरः

पदः पदः पदः

मितिः मितिः मितिः

**बागमती खेलकुद विकास परिषद्को सदस्य सचिव नियुक्ति सिफारिसका लागि २०८२/०९/२४ को कार्ययोजना**

| क्र.स. | क्रियाकलाप | समय | जिम्मेवारी | साधन |
|---|---|---|---|---|
| १. | व्यावसायिक कार्ययोजना मुल्यांकन | १२:०० -१२:३० | उपसमिति | अनुसूची |
| २. | शैक्षिक योग्यता मुल्यांकन | १२:३० — १२:४५ | पदपूर्ति समिति र उपसमिति | अनुसूची |
| ३. | अनुभव मुल्याकन | १२:४५ -१:१५ | पदपूर्ति समिति र उपसमिति | अनुसूची |
| ४. | कार्ययोजना प्रस्तुतीकरण | १:३०-२:३० | पदपूर्ति समिति, उपसमिति,कार्यसमिति | अनुसूची |
| ५. | अन्तर्वार्ता | ३:००- | अन्तर्वार्ता समिति | अनुसूची |

**प्रमाणीकरण मितिः २०८२/०७/२८**

**आज्ञाले**
**श्री प्रतीत भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**
**बागमती नगरपालिका सर्लाही**